# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १ मितिः २०८१।०४।३०

## भाग-२

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आचारसंहिता, २०८१

**प्रस्तावनाः**

सुनिलस्मृति गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आचार संहिता बनाई लागु गर्नेछ :

१. सुनिलस्मृति गाउँपालिका तथा अन्तर्गतका निकायको भौतिक पूर्वाधार तथा भविष्यमा बन्ने संरचना र कार्यप्रणाली महिलामैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री, बालबालिकामैत्री, ज्येष्ठ नागरिकमैत्री, लैङ्गिक तथा

यौनिक अल्पसंख्यकमैत्री हुने व्यवस्था गर्ने र पूर्व निर्मित संरचनाहरूलाई तदनुसार व्यवस्था मिलाउने ।

२. गाउँपालिका र अन्तर्गतका निकायमा महिला कर्मचारी तथा महिला सेवाग्राहीहरूको लागि महिलामैत्री शौचालय र स्तनपान गर्ने बालबालिकाहरूको लागि स्तनपान कक्षको व्यवस्थापन गर्ने ।

३. सेवाप्रदायक र सेवाग्राही सबैले औपचारिक, संवेदनशील भाषा, भद्र र शिष्ट व्यवहार गर्ने ।लैङ्गिक तथा सामाजिक विभेद हुने र सामाजिक रुपमा गाली गलौज हुने किसिमको शव्दावली प्रयोग गर्न नपाउने।त्यस्तो व्यवहार कोही कसैबाट भएमा कानुन बमोजिम कारवाही गरिने ।

४. सेवा प्रदायकले सेवा प्रवाह गर्दा सेवाग्राहीलाई लैङ्गिक तथा सामाजिक विभेद, लैङ्गिक हिंसा, वञ्चित वा सिमान्तकृत हुने व्यवहार गर्न पाइनेछैन, त्यस्तो व्यवहार भएमा सो को उजुरी सूचना अधिकारी वा लैङ्गिक सम्पर्क व्यक्ति वा कार्यालय प्रमुख समक्ष दिने र सम्वन्धित व्यक्तिलाई कानुन बमोजिम कारवाही गरिने ।

५. गाउँपालिका तथा अन्तर्गतका निकायबाट दिने सेवाको बारेमा खुलाई नागरिक बडापत्र र अन्य माध्यमबाट सबै नागरिकलाई सुसूचित गराउने ।सेवाग्राहीलाई सहज वातावरण बनाउन सोधपुछ कक्ष, लैङ्गिक सम्पर्क व्यक्ति र सहायता कक्षको व्यवस्था गरी सो अनुरुप सहयोग गर्ने ।

६. गाउँपालिकाको कर्मचारी र पदाधिकारीको आचारसंहिता वेभसाइट तथा अन्य माध्यममा प्रकाशन गरी सबैले देख्ने ठाउँमा राख्ने । यदि कसैले आचारसंहिता उल्लङ्घन गरेमा कानुन बमोजिम कारवाही गर्ने ।

७. गाउँपालिका र अन्तर्गतका निकायहरूबाट हुने क्रियाकलापहरूको प्रभावकारी र पारदर्शीरुपमा सूचना प्रवाह गर्ने ।

८. गाउँपालिका र अन्तर्गतका निकायले सेवाग्राहीलाई कुनै लिङ्ग, वर्ण, भाषा, धर्म, संस्कृति, जातजाति र आस्थाको आधारमा कुनै किसिमको भेदभाव गरिनेछैन।त्यस्तो कार्य हुन गएमा कानुन बमोजिम दण्डनीय हुने ।

९. गाउँपालिका र अन्तर्गतका निकायमा सेवा प्रदायक वा सेवाग्राही प्रति हुन सक्ने विभेद,गाली गलौज, दुर्व्यवहार, यौनजन्य हिंसालाई शून्य सहनशीलता कायम गर्ने ।

१०. गाउँपालिका र अन्तर्गतका निकायबाट प्रवाह गर्ने सेवा समयमा नै गर्ने। सेवा प्रवाह गर्दा गर्भवती, सुत्केरी, सानो बच्चा सहितको आमा, अपाङ्गता भएको व्यक्ति, ज्येष्ठ नागरिक वा स्वास्थ्य अवस्था कमजोर भएका व्यक्तिहरूलाई प्राथमिकता दिने ।

११. अनावश्यक रुपमा काममा ढिला सुस्ती गर्ने, कुनै किसिमको प्रलोभन वा फाईदा लिन खोज्ने वा भ्रष्टाचारजन्य कार्य गरेमा कानुन बमोजिम कारवाही हुने ।

१२. गाउँपालिका र अन्तर्गतका निकायमा सबैले देख्ने गरी उजुरी तथा सुझाव पेटिका राख्ने, आएका गुनासोको गुनासो सुन्ने अधिकारी मार्फत गुनासो सुनुवाइ तथा उजुरीको समाधान तुरुन्तै गर्ने ।

१३. गाउँपालिका तथा अन्तर्गतका निकायबाट प्रवाह गरिने सेवा तथा कानुनको विभिन्न माध्यमबाट प्रचारप्रसार गरी नागरिकहरूलाई सुसूचित गर्ने ।

१४. समुदायमा केही अभद्र, अमर्यादित कार्य भएमा निःशुल्क फोन नं नेपाल प्रहरीको १००, बालबालिका खोजतलास केन्द्रको १०४, बाल हेल्पलाईन नं १९८, राष्ट्रिय महिला आयोग महिला हिंसा सम्बन्धी उजुरी गर्न ११४५ मा फोन गर्न सकिने ।

आज्ञाले
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत